# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय, कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौं**

## नायव प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०४/२९)**

**विज्ञापन नं : ०१/०८१/८२** **पद संख्या : १ (एक)**

यस संस्थामा रिक्त रहेको नायव प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त गरेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौंमा आवेदन दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, बाणिज्य वा तथ्याङ्क विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरेको वा स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट (CA) उत्तीर्ण गरेको ।

२. **अनुभव :**

(क) बैंक तथा वित्तीय संस्थामा अधिकृत श्रेणीमा कम्तिमा ५ वर्ष केन्द्रीय कार्यालयमा कार्य गरेको वा,

(ख) लघुवित्त संस्थाको हकमा व्यवस्थापकीय श्रेणीमा विभागीय प्रमुखको जिम्मेवारीमा कम्तिमा १० वर्ष कार्य गरेको वा,

(ग) स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट (CA) उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्ष काम गरेको ।

३. **उमेर :** उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म ४५ बर्ष ननाघेको हुनुपर्ने ।

४. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू :**

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (मोबाईल नम्बर) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवको स्वयम्ले प्रमाणित गरेका प्रतिलिपिहरू ।

(ग) उम्मेद्वारले आफ्नो दरखास्तका साथ ४,००० शब्दमा नबढ्ने गरी नेपालमा लघुवित्तको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपायका सन्दर्भमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. को आगामी कार्यदिशा विषयक लेख पेश गर्नु पर्नेछ ।

(घ) विदेशी शैक्षिक संस्थाहरूबाट प्राप्त शैक्षिक योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयको समकक्ष मान्यता प्रमाणपत्रको प्रतिलिपी ।

५. **छनौट प्रक्रिया :**

(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको लेखको मूल्यांकनको आधारमा उम्मेद्वारहरूको संक्षिप्त सूची (Short Listing) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

(ख) अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति सहित उपस्थित हुनु पर्नेछ । साथै, दरखास्तसाथ पेश गरेको लेखको आधारमा करिब ३० मिनेटको प्रस्तुतीकरण (Presentation) गर्नु पर्नेछ ।

६. **पारिश्रमिक :** संस्थाको नियमानुसार हुनेछ ।

७. **अन्य विवरण :**

(क) नायव प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विवरण संस्थाको वेवसाईटः www.nirdhan.com.np मा राखिएको छ ।

(ख) यस सम्बन्धी थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौंमा ०१-४५१३७९४, ०१-४५१३८४० मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौं